# नेपाल पत्रकार महासंघको विधान २०६० (चौथो संशोधन २०७३)

## संशोधित अंश

### प्रस्तावना

**प्रेस स्वतन्त्रताको रक्षा गर्दै स्वच्छ, व्यावसायिक र जिम्मेवार पत्रकारिताको विकासका लागि कार्यरत नेपाली पत्रकारलाई संगठित गरी उनीहरूको पेशागत हकहित र श्रम अधिकारको संरक्षण र संवर्द्धन गर्नु वाञ्छनीय भएकाले,**
**सूचनाको हक र विचार तथा अभिव्यक्ति स्वतन्त्रतालगायतका नागरिक अधिकारलाई आत्मसात गर्दै,**
**संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमद्वारा राष्ट्रको वृहत्तर हितका निम्ति पारदर्शी र न्यायपूर्ण समाजको विकास गर्ने,**
**अन्तर्राष्ट्रिय जगतमा पत्रकारिता क्षेत्रमा क्रियाशील संघ, संस्था तथा व्यक्तिहरूसँग सौहार्द्रपूर्ण सम्बन्ध कायम गर्दै,**
**नेपाल पत्रकार महासंघको संगठनात्मक संरचना स्थापना र संचालन गर्न आवश्यक भएकोले,**
**नेपाल सरकारको स्वीकृति लिई यो विधान जारी गरिएको छ ।**

**१. नाम र प्रारम्भ :** (क) यस विधानको नाम **नेपाल पत्रकार महासंघको विधान, २०६० (चौथो संशोधन २०७३)** रहेको छ ।

**२. १.** (क) "पत्रकार" भन्नाले छापा, प्रसारण तथा अनलाइनजस्ता कुनै पनि प्रकृतिका आमसञ्चारका माध्यमसँग आवद्ध यस विधानबमोजिम तोकिएको योग्यता पुगेको समाचार संकलन, उत्पादन, सम्पादन, सम्प्रेषण, समाचार लेखन/पुनर्लेखन गर्ने कार्यका साथै नियमित स्तम्भ लेखक, कार्टुनिष्ट, फोटो पत्रकार, प्रेस क्यामरापर्सन, समाचार तथा समाचारमूलक कार्यक्रम निर्माता तथा सञ्चालक, समीक्षक, साजसज्जा, स्केच, भाषा तथा श्रब्य दृश्य सम्पादक एवं स्वतन्त्र पत्रकारसमेतलाई जनाउनेछ ।

२. १. (च) "प्रदेश समिति" भन्नाले विधानको दफा १४ बमोजिमको महासंघको प्रदेश समितिलाई जनाउनेछ ।

२. १. (ज) "केन्द्रीय सभा" भन्नाले विधानको दफा ११ बमोजिमको सभालाई जनाउनेछ ।

२. १. (झ) "प्रदेश सभा" भन्नाले विधानको दफा १० बमोजिमको सभालाई जनाउनेछ ।

२. १. (ञ) "विशेष केन्द्रीय सभा" भन्नाले विधानको दफा १५ बमोजिम बोलाइएको विशेष सभालाई जनाउनेछ ।

२. १. (ट) "केन्द्रीय सभासद" भन्नाले केन्दीय सभाको सदस्यलाई जनाउनेछ ।

२.१. (ठ) "प्रदेश सभासद" भन्नाले प्रदेश सभाको सदस्यलाई जनाउनेछ ।

३. (४) श्रमजीवी पत्रकारहरूको उचित श्रम अभ्यास, सामूहिक सौदावाजी र पेशा तथा रोजगारीको अधिकारको संरक्षणका लागि ट्रेड युनियन अधिकारको नेतृत्व प्रदान गर्ने,

३.(५) पत्रकार तथा आमसञ्चारमाध्यमको व्यावसायिक हकहित र भौतिक सुरक्षाका लागि सक्रिय रहने,

३. (८) राष्ट्र, समाज र आम नागरिक तथा पत्रकार जगतको हितका साथै स्वच्छ पत्रकारिताको प्रवर्द्धनका निम्ति क्रियाशील रहने,

३. (९) प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको रक्षा र प्रवर्द्धनका लागि आवश्यक अन्य काम गर्ने ।

४. (२) देहायका व्यक्तिहरू महासंघको सदस्य हुन योग्य हुनेछन् :

(क) पत्रकारिता वा अरू कुनै विषयमा स्नातक उत्तीर्ण गरी एक वर्षदेखि पत्रकारिता पेशामा संलग्न व्यक्ति ।

(ख) पत्रकारिता वा अन्य कुनै विषयमा उच्चमाध्यमिक तह वा सो सरह उत्तीर्ण गरी दुई वर्षदेखि पत्रकारिता पेशामा लागेको व्यक्ति । तर, महिला, आदिवासी जनजाति, दलित, मधेशी, थारू, मुस्लिम, अपाङ्गता वा अन्य पहिचान भएका व्यक्ति र अल्पसंख्यक, उत्पीडित वा पिछडिएको क्षेत्र र कर्णालीका हकमा एक वर्षदेखि पत्रकारिता क्षेत्रमा क्रियाशील भए पुग्नेछ ।

**५. सदस्यता प्राप्त गर्ने कार्यविधि :**

(१) सदस्यताको लागि आवेदन, स्वीकृति र प्राप्ति देहायबमोजिम हुनेछ ।

(क) महासंघको सदस्यता लिन चाहने पत्रकारले योग्यताको प्रमाणपत्र, नेपाली नागरिकताको प्रमाणपत्र, पत्रकारितामा निरन्तरता र क्रियाशीलताको प्रमाण र आफू कार्यरत संस्थाको नियुक्तिपत्रसहित तोकिएको ढाँचामा आफू क्रियाशील रहेको क्षेत्रको शाखा वा एशोसियट संस्थामा निवेदन दिनुपर्नेछ ।

(ख) आवेदन आफूसमक्ष आएपछि शाखा वा एशोसियट संस्थाले छानबिन गरी योग्यता पुगेका आवेदकको सदस्यता स्वीकृत गरी अनुमोदनका लागि सम्बन्धित प्रदेश समितिमा पठाउनुपर्नेछ । प्रदेश समितिले त्यस्तो विवरण प्राप्त भएको मितिले तीन महिनाभित्रै सदस्यता टुंगो लगाइसक्नु पर्नेछ ।

(ग) सदस्यतामा विवाद उत्पन्न भएमा प्रदेश समितिले छानबिन गर्न सक्नेछ । यसरी छानबिन गर्दा योग्यताबमोजिम सदस्य नहुनेलाई सदस्य बनाएको वा योग्यता हुँदाहुँदै सदस्य बन्नबाट वञ्चित गरिएको पाइएमा त्यस्तो शाखा वा एशोसिएट संस्था वा त्यस कार्यमा संलग्न पदाधिकारी वा सदस्यउपर छानबिन गर्न सकिनेछ । यस्तो कारबाहीमा त्यस्तो शाखा वा एशोसिएट संस्थाको समितिलाई सचेत, निलम्बन, भंग वा **कुनै पदाधिकारी वा** कुनै सदस्यको सदस्यता निलम्बन वा समाप्त गर्न सकिनेछ । तर, यस्तो कुनै प्रकारको निर्णय लिनुअघि सफाइको मौका दिइनेछ ।

(घ) कुनै शाखा वा एशोसिएट समिति भंग भएमा प्रदेश समितिले तत्काल तदर्थ समिति गठन गरी तीन महिनाभित्र दफा १४ (१) (क) र (ख) बमोजिमको समिति गठन गरिसक्नु पर्नेछ । निलम्बन गरिएको सदस्यले निलम्बनको अवधिभर नयाँ समिति गठनका लागि भएको चुनावमा उम्मेदवार हुन वा मतदान गर्न पाउने छैन ।

(ङ) उपदफा (१) (ग) र (घ) उपरको कारवाहीमा चित्त नबुझेमा केन्द्रीय समितिमा पुनरावेदन गर्न सकिनेछ ।

(२) संस्थागत सदस्यतासम्बन्धी व्यवस्था देहायबमोजिम हुनेछ ।

(क) संस्थागत सदस्यता लिन चाहने पत्रकारहरूका संघसंस्थाहरूले केन्द्रीय समितिसमक्ष आवेदन दिनुपर्नेछ । यस्तो आवेदनसाथ संस्थाको दर्ता प्रमाणपत्र, विधान, लेखापरीक्षण प्रतिवेदन र नियमानुसार नवीकरण भएको प्रमाण तथा संस्थामा रहेका पदाधिकारी र सदस्यहरूको विवरण पनि पेश गर्नुपर्नेछ ।

(ख) संस्थागत सदस्यताको आवेदनमाथि केन्द्रीय समितिले अन्तिम निर्णय गर्नेछ । यस्तो सदस्य संस्थाले महासंघको घोषित लक्ष्यबमोजिम काम नगरेको वा महासंघको उद्देश्यमा प्रतिकूल असर पार्ने काम गरेको प्रमाणित भएमा केन्द्रीय समितिले सदस्यता खारेज गर्न सक्नेछ । तर, खारेज गर्नुअघि सफाइको मौका दिइनेछ ।

(३) मानार्थबाहेक सबै प्रकारका सदस्यताको अवधि एक वर्षको हुनेछ । हरेक वर्षको चैत्र मसान्तभित्रमा सम्बन्धित शाखामा नवीकरण गराउनुपर्नेछ । नवीकरणको विवरण शाखा वा एशोसियट

संस्थाले प्रदेश समितिमा पठाउनुपर्नेछ। प्रदेश समितिले सदस्यहरूको अद्यावधिक विवरण असार मसान्तभित्रमा केन्द्रीय समितिमा पठाइसक्नुपर्नेछ।

५. (६) सदस्यता स्थानान्तरणसम्बन्धी व्यवस्था देहायबमोजिम हुनेछ।

(क) महासंघका सदस्यहरूले आफ्नो कार्यक्षेत्र परिवर्तन भएअनुसार सदस्यता स्थानान्तरण गर्न सक्नेछन्।

(ख) स्थानान्तरणका लागि प्रदेशभित्र भए सम्बन्धित शाखाको सिफारिशमा प्रदेश समितिले र अन्तर-प्रदेशमा भए प्रदेश समितिको सिफारिमा केन्द्रीय समितिले सदस्यता स्थानान्तरण गरिदिनेछ। स्थानान्तरण भएको शाखाले अभिलेख राखी नवीकरण गरिदिनुपर्नेछ।

५. (७) नयाँ सदस्यता स्वीकृत, अनुमोदन र स्थानान्तरण गर्ने कार्य सम्बन्धित समितिको निर्वाचन हुनुभन्दा ६ महिना पहिले भइसक्नु पर्नेछ। निर्वाचन सम्पन्न भएदेखि अर्को निर्वाचन हुनुभन्दा ६ महिना अघिसम्म जुनसुकै वेला पनि सदस्यताका लागि आवेदन दिन सकिनेछ।

५. (८) मानार्थ सदस्यता महासंघको केन्द्रीय समितिले समाप्त गर्ने निर्णय नगर्दासम्म कायम रहनेछ।

## ६. सदस्यता शुल्क :

(१) महासंघको सदस्यता शुल्क र त्यसको बाँडफाँडको व्यवस्था देहायबमोजिम हुनेछ :

(क) **सदस्यता शुल्क वार्षिक रु. १०००।- हुनेछ। तर, नयाँ सदस्यलाई शुल्क रु. १०००।- थप लाग्नेछ। यो व्यवस्थाबमोजिमको सदस्यता शुल्क २०७४ बैशाखदेखि लागू हुनेछ।**

(ख) हरेक वर्ष सदस्यता नवीकरण गर्नुपर्नेछ। तर, दुई वर्षभित्र शत प्रतिशत विलम्ब शुल्क लिई सदस्यता नवीकरण गर्न सकिनेछ। लगातार दुई वर्षसम्म नवीकरण नगर्ने सदस्यको सदस्यता स्वतः खारेज हुनेछ। यसरी सदस्यता खारेज भएका पत्रकारले पुनः सदस्य बन्न चाहेमा नयाँ प्रक्रिया शुरु गर्नु पर्नेछ।

(ग) प्रत्येक सदस्यता तथा नवीकरण शुल्कमध्ये सदस्यता शुल्क र प्रवेश शुल्कको ५० प्रतिशत रकम केन्द्रीय पत्रकार कल्याण कोषमा राख्नु पर्नेछ। बाँकी रकमको ५० प्रतिशत सम्वन्धित शाखामा र बाँकी ५० प्रतिशत रकममध्ये आधा केन्द्रीय कार्यालय र आधा प्रदेश कार्यालयमा बैशाख मसान्तसम्ममा पठाउनु पर्नेछ।

(घ) संस्थागत सदस्य संस्थाको सदस्यता शुल्क र नवीकरण शुल्कका हकमा साधारण सदस्यको संख्याका आधारमा केन्द्रीय समितिले तोकेबमोजिम हुनेछ। सो शुल्कको ५० प्रतिशत रकम केन्द्रीय पत्रकार कल्याण कोषमा राख्नु पर्नेछ। बाँकी रकमको ५० प्रतिशत सम्वन्धित एशोसिएट संस्थामा र बाँकी ५० प्रतिशत रकममध्ये आधा केन्द्रीय कार्यालय र आधा एशोसिएट प्रदेश कार्यालयमा बैशाख मसान्तसम्ममा पठाउनु पर्नेछ।

**७. १.** (ङ) पत्रकारिता पेशामा नरहेमा वा पेशा परिवर्तन गरेमा

८. १. (ख) सदस्यले सम्बन्धित सभामार्फत् महासंघको नीति निर्माणमा संलग्न हुन पाउनेछ

## अधिवेशन तथा साधारण सभा

## ९. शाखा, प्रतिष्ठान शाखा :

हरेक तीन वर्षमा हुने शाखाको साधारण सभा शाखा अधिवेशन र एशोसिएटको साधारण सभा एशोसिएट अधिवेशन हुनेछ। महासंघका शाखा, र प्रतिष्ठान शाखाको अधिवेशन तथा साधारणसभा सम्बन्धी व्यवस्था देहायबमोजिम हुनेछः

(क) शाखाका सदस्य शाखा साधारण सभाका सदस्य हुनेछन् ।

(ख) आमसञ्चारमाध्यमसँग सम्बन्धित विशेषज्ञलाई सम्बन्धित समितिको निर्णयले साधारण सभामा आमन्त्रित गरी छलफलमा सहभागी गराउन सकिनेछ । तर, उनीहरूलाई मतदानको अधिकार हुने छैन ।

(ग) जिल्ला शाखा तथा प्रतिष्ठान शाखाले आफ्नो कार्यकालभित्र कम्तीमा एक पटक साधारण सभाको आयोजना गर्नुपर्नेछ । सभामा सम्बन्धित जिल्ला शाखा, प्रतिष्ठान शाखाका सदस्यहरूले भाग लिनेछन् ।

(घ) सम्बन्धित शाखाको निर्णय वा एक तिहाई सदस्यले प्रयोजन खुलाई सभा बोलाइयोस् भनी लिखितरूपमा माग गरेको खण्डमा तीन महिनाभित्र विशेष साधारण सभा बोलाउनु पर्नेछ । यस्तो सभा एक वर्षमा एकपटक भन्दा बढी हुने छैन ।

(ङ) साधारण सभाको गणपूरक संख्या ५१ प्रतिशत हुनुपर्नेछ । साधारण सभा हुने तोकिएको दिनमा गणपूरक संख्या नपुगेमा, कम्तीमा २४ घण्टाको सूचना दिई अर्को साधारण सभा बोलाउन सकिनेछ । यसरी बोलाइएको सभामा कुल साधारण सदस्यको कम्तीमा २५ प्रतिशतको उपस्थिति हुनु पर्नेछ । तर तेस्रोपटक बोलाउनु पर्ने अवस्था आएमा कम्तीमा १५ दिनको सूचना दिई सभा बोलाउनु पर्नेछ । यस्तो सभामा उपस्थित सदस्य संख्यालाई नै गणपूरक संख्या मानिनेछ ।

(च) साधारण सभाका लागि ३० दिनअगावै प्रस्तावसहितको जानकारी यथासम्भव शीघ्र सञ्चारको माध्यमबाट सदस्यहरूलाई दिनु पर्नेछ । तर, विशेष साधारण सभा बोलाउनुपर्दा कम्तीमा १५ दिनको सूचना दिनु पर्नेछ । यस्तो सभामा प्रस्तावित विषयमा मात्र छलफल र निर्णय हुनेछ ।

(छ) साधारण सभामा उपस्थित सदस्यको बहुमतबाट पारित निर्णय कार्यान्वयन गर्नु सम्बन्धित समितिको दायित्व हुनेछ ।

(ज) साधारण सभाको निर्णय पुस्तिकामा अध्यक्ष, सचिव तथा साधारणसभाले तोकेको कम्तीमा तीन जना सदस्यले हस्ताक्षर गरी प्रमाणित गरेको मूल अभिलेख नै निर्णय मानिनेछ ।

(झ) सम्बन्धित समितिले आफूले पेश गर्नु पर्ने र सदस्यहरूबाट प्राप्त प्रस्तावहरू अध्ययन गरी साधारण सभामा प्रस्तुत गर्नु पर्नेछ ।

(ञ) समितिका अध्यक्षले साधारण सभाको अध्यक्षता गर्नेछ । तर अधिवेशनको बन्द सत्रको सञ्चालनका लागि अध्यक्षमण्डल गठन गर्न सकिनेछ ।

(ट) साधारण सभाको निर्णयको प्रमाणित प्रतिलिपि सो सभा सम्पन्न भएको मितिले बढीमा सात दिनभित्र प्रदेश समितिको कार्यालयमा प्रस्तुत गर्नुपर्ने छ ।

**१०. प्रदेश सभा :**

प्रदेशसभाले महासंघको प्रदेश समितिको, नीति निर्माण, कार्यसमीक्षा तथा कार्यक्रम तय गर्नेछ । हरेक तीन वर्षमा हुने प्रदेश सभाको बैठक प्रदेश अधिवेशन हुनेछ । प्रदेश समितिको अधिवेशन तथा प्रदेशसभासम्बन्धी व्यवस्था देहायबमोजिम हुनेछः

(क) प्रदेश समितिका पदाधिकारी, सदस्य तथा सल्लाहकारहरू र पूर्व अध्यक्षहरू

(ख) सम्बन्धित प्रदेश समितिअन्तर्गतका जिल्ला शाखाका अध्यक्ष, प्रतिष्ठान प्रदेशका हकमा प्रतिष्ठान शाखाका अध्यक्ष र एशोसिएट प्रदेशका हकमा एशोसिएट समितिका अध्यक्ष,

(ग) प्रदेशभित्रका शाखा वा प्रतिष्ठान वा एशोसिएटमा आवद्ध साधारण सदस्यमध्ये कम्तीमा ५ वर्ष महासंघको सदस्य रहिसकेका व्यक्तिहरूमध्ये समावेशी सिद्धान्तका आधारमा प्रति १५ सदस्यमा दुई जनाका दरले सम्बन्धित शाखा वा प्रतिष्ठान वा एशोसिएट समितिको निर्वाचनकै बखत निर्वाचित भएका सदस्यहरू

(घ) पत्रकारिता क्षेत्रमा विशिष्ट योगदान गरेका प्रदेश समितिले मनोनयन गर्ने बढीमा १० जना प्रदेश सभामा सहभागी गराउन सकिनेछ ।

(ङ) आमसञ्चारमाध्यमसँग सम्बन्धित विशेषज्ञलाई प्रदेश समितिको निर्णयले प्रदेश सभामा आमन्त्रित गरी छलफलमा सहभागी गराउन सकिनेछ । तर उनीहरूलाई मतदानको अधिकार हुने छैन ।

(च) प्रदेश समितिले आफ्नो कार्यकालभित्र कम्तीमा एक पटक साधारण सभाको आयोजना गर्नुपर्नेछ ।

(छ) प्रदेश समितिको निर्णय वा एक तिहाई प्रदेश सभासदले प्रयोजन खुलाई सभा बोलाइयोस् भनी लिखितरूपमा प्रदेश समितिसमक्ष माग गरेको खण्डमा तीन महिनाभित्र विशेष प्रदेश सभा बोलाउनु पर्नेछ । यस्तो सभा एक वर्षमा एकपटक भन्दा बढी हुने छैन ।

(ज) प्रदेश सभाको गणपूरक संख्या ५१ प्रतिशत हुनुपर्नेछ । प्रदेश सभा हुने तोकिएको दिनमा गणपूरक संख्या नपुगेमा, कम्तीमा २४ घण्टाको सूचना दिई अर्को प्रदेश सभा बोलाउन सकिनेछ । यसरी बोलाइएको सभामा कुल सभासदको कम्तीमा २५ प्रतिशत उपस्थिति हुनु पर्नेछ । तर तेस्रोपटक बोलाउनुपर्ने अवस्था आएमा कम्तीमा १५ दिनको सूचना दिई सभा बोलाउनु पर्नेछ । यस्तो सभामा उपस्थित सभासद संख्यालाई नै गणपूरक संख्या मानिनेछ ।

(झ) प्रदेश सभाका लागि ३० दिनअगावै प्रस्तावसहितको जानकारी यथासम्भव शीघ्र सञ्चारको माध्यमबाट प्रदेश सभासदहरूलाई दिनु पर्नेछ । तर, विशेष प्रदेश सभा बोलाउनुपर्दा कम्तीमा १५ दिनको सूचना दिनु पर्नेछ । यस्तो सभामा प्रस्तावित विषयमा मात्र छलफल र निर्णय हुनेछ ।

(ञ) प्रदेश सभामा उपस्थित सदस्यको बहुमतबाट पारित निर्णय कार्यान्वयन गर्नु प्रदेश समितिको दायित्व हुनेछ ।

(ट) प्रदेश सभाको निर्णय पुस्तिकामा प्रदेश समितिका अध्यक्ष, महासचिव तथा प्रदेशसभाले तोकेको कम्तीमा तीन जना प्रदेश सभासदले हस्ताक्षर गरी प्रमाणित गरेको मूल अभिलेख नै निर्णय मानिनेछ ।

(ठ) प्रदेश समितिले आफूले पेश गर्नु पर्ने र सदस्यहरूबाट प्राप्त प्रस्तावहरू अध्ययन गरी प्रदेश सभामा प्रस्तुत गर्नु पर्नेछ ।

(ड) प्रदेश समितिका अध्यक्षले प्रदेश सभाको अध्यक्षता गर्नेछ । तर अधिवेशनको बन्द सत्रको सञ्चालनका लागि अध्यक्षमण्डल गठन गर्न सकिनेछ ।

(ढ) प्रदेश सभाको निर्णयको प्रमाणित प्रतिलिपि सो सभा सम्पन्न भएको मितिले बढीमा सात दिनभित्र केन्द्रीय कार्यालयमा प्रस्तुत गर्नुपर्ने छ ।

## ११. केन्द्रीय सभा :

११. (ख) महासंघका प्रत्येक शाखा तथा संस्थागत सदस्य संस्थाबाट **हरेक १०** सदस्यमध्येबाट १ जनाका दरले निर्वाचित प्रतिनिधिहरू केन्द्रीय सभासद हुनेछन् । यसरी हिसाब गर्दा दशमलवमा आउने संख्यामा ०.५ भन्दाबढी आएमा थप १ प्रतिनिधि छानिने छन् । केन्द्रीय सभासदको निर्वाचन गर्दा ४ जना वा सोभन्दा बढी केन्द्रीय सभासद छानिने शाखा वा एशोसियएट संस्थाबाट प्रत्येक ४ बराबर १ जना महिला अनिवार्य हुनुपर्नेछ । यसप्रकारको निर्वाचन जिल्ला, प्रतिष्ठान, एशोसिएट समितिको नयाँ नेतृत्वको निर्वाचन गर्दाकै बखत हुनेछ । यसरी सभासद छनोट गर्दा समावेशीतालाई ध्यान दिनुपर्नेछ ।

११. (घ) प्रदेश समितिका पदाधिकारीहरू । उनीहरू केन्द्रीय समिति निर्वाचनमा उम्मेदवार हुन पाउने छैनन् ।

## १२. महाधिवेशन र केन्द्रीय सभा

## १३. केन्द्रीय सभाको काम, कर्तव्य र अधिकार :

## १३. केन्द्रीय सभाको काम, कर्तव्य र अधिकार :

**१४. राष्ट्रिय तथा प्रादेशिक सम्मेलन :**

(क) केन्द्रीय समितिले एक अवधिमा कम्तीमा एकपटक प्रदेश समितिका पदाधिकारी तथा विभिन्न शाखा तथा एशोसिएट संस्थाका अध्यक्षहरू सहभागी गराई राष्ट्रिय सम्मेलन आयोजना गर्न सक्नेछ ।

(ख) प्रदेश समितिले एक अवधिमा कम्तीमा एक पटक प्रदेश समितिका पदाधिकारी तथा सदस्यहरू, विभिन्न शाखाका अध्यक्ष, सचिव र कोषाध्यक्षको प्रादेशिक सम्मेलन आयोजना गर्न सक्नेछ । एशोसिएट प्रदेश समितिले एक अवधिमा कम्तीमा एक पटक एशोसिएट प्रदेश समितिका पदाधिकारी तथा सदस्यहरू, एशोसिएट संस्थाका अध्यक्ष, सचिव र कोषाध्यक्षको एशोसिएट प्रादेशिक सम्मेलन आयोजना गर्न सक्नेछ ।

(ग) यी भेलाका निष्कर्ष, पारित प्रस्ताव तथा कार्यक्रमलाई मार्ग निर्देशनका रूपमा ग्रहण गरी आवश्यकताअनुसार केन्द्रीय वा प्रदेश समितिले कार्यान्वयन वा अनुगमन गर्नेछ। कार्यान्वयनको जिम्मेवारी महासंघका सबै सभासदसमेतको हुनेछ ।

**१५. अविश्वासको प्रस्ताव :**

(च) महासंघका प्रदेश समिति वा प्रदेश समितिका कुनै पदाधिकारी वा सदस्यका विरुद्ध सम्बन्धित प्रदेशका एक तिहाइ साधारण सदस्यले कारण खुलाई हस्ताक्षर गरी महासंघको प्रदेश कार्यालयमा अविश्वासको प्रस्ताव पेश गर्न सक्नेछन् । त्यस्तो प्रस्ताव दर्ता भएपछि प्रदेश समितिले ३५ दिनभित्र विशेष साधारण सभा बोलाई सो प्रस्ताव पेश गर्नुपर्नेछ । प्रदेश विशेष साधारण सभाको बहुमतले सो प्रस्ताव स्वीकृत गरेमा ३० दिन भित्र अविश्वास प्रस्ताव उपर मतदानका लागि प्रदेश साधारण सदस्य समक्ष लगिने छ । कुल खसेको मतको दुइ तिहाइ मत प्रस्तावको पक्षमा प्राप्त भएमा अविश्वासको प्रस्ताव पारित भएको मानिने छ । त्यस्तो अवस्थामा सिंगो कार्यसमिति विरुद्धको भए केन्द्रीय समितिले अन्तरिम व्यवस्था गरी एक वर्षभन्दा बढी अवधि बाँकी रहेको अवस्थामा बाँकी अवधिका लागि नयाँ निर्वाचन गराउने छ । कुनै पदाधिकारीको पद रिक्त भए प्रदेश समितिले विधानबमोजिम पदपूर्ति गर्ने छ ।

(ज) प्रदेश समिति तथा शाखा र संस्थागत समितिको अविश्वास प्रस्ताव सम्बन्धी अन्य प्रक्रियाहरू यसै परिच्छेदमा भएको व्यवस्था बमोजिम हुने छन् ।

**१६. समितिको गठन र गठन विधि :**

**(१) जिल्ला शाखा, प्रतिष्ठान शाखा तथा संस्थागत समितिः**

महासंघका जिल्ला शाखा, प्रतिष्ठान शाखा र संस्थागत सदस्य संस्था समितिहरूलाई व्यवस्थित र विधिसम्मत तवरले सञ्चालन गर्न निर्वाचित समितिहरू हुने छन् । तिनको गठन यस प्रकार हुनेछ ।

(क) शाखामा प्रत्यक्ष गोप्य मतदानद्वारा अध्यक्ष १, उपाध्यक्ष १, उपाध्यक्ष १ (महिला), सचिव १, सहसचिव १, सहसचिव १ (समावेशी), कोषाध्यक्ष १ र महिला, दलित, जनजाति र मधेशी एक एक जना तथा यसमा नसमेटिएका अन्य समावेशी समुदायबाट १ जना सदस्यसहितको समिति गठन गरिनेछ ।

(ख) सदस्य संख्याका आधारमा समितिका सदस्यको संख्या निर्धारण गरिनेछ। त्यसो गर्दा १५ जनासम्म सदस्य भएमा दुई, १६ देखि १०० जनासम्म सदस्य भएमा चार, १०१ देखि २०० सम्म छ र २०० जनाभन्दा बढी सदस्य भएमा आठ जना सदस्य खुला प्रतिस्पर्धाका आधारमा चुनिनेछन् ।

(ग) महिला, दलित, जनजाति, मधेशी वा अन्य समावेशी सदस्य नरहेको शाखाका हकमा अनिवार्यताको प्रावधान लागू हुने छैन ।

(घ) शाखा अध्यक्ष हुन कम्तीमा निरन्तर **सात वर्ष, प्रदेश सभा सदस्य हुन चार** वर्ष महासंघको सदस्य भएको हुनुपर्छ । **नयाँ शाखाको हकमा यो प्रावधान लागू हुने छैन ।**

(ङ) निवर्तमान अध्यक्ष, त्यसअघिका पूर्व अध्यक्ष र समितिको निर्वाचनमा अध्यक्ष पदका निकटतम प्रतिद्वन्द्वी गरी तीनजना समितिका पदेन सल्लाहकार रहनेछन् । उनीहरूको बैठकमा मतदान गर्ने बाहेकका सबै अधिकार समितिका सदस्यसरह हुनेछ ।

**(२) प्रदेश समितिः**

महासंघमा राज्यले निर्धारण गरेअनुरूप प्रत्येक भौगोलिक प्रदेशमा एक एक वटा, काठमाडौं उपत्यका रहेको प्रदेशमा काठमाडौं उपत्यकाका तीन जिल्लालाई अलग क्षेत्र मानी एक वटा, गैरभौगोलिकतर्फ प्रतिष्ठान शाखाहरूको अलग क्षेत्र मानी एक वटा र संस्थागत सदस्यहरूको अलग क्षेत्र मानी एक वटा प्रदेश समिति रहने छन् । प्रदेश समितिको गठन यस प्रकार हुनेछ ।

(क) प्रदेश समितिमा प्रदेशअन्तर्गतका सवै साधारण सदस्यको प्रत्यक्ष गोप्य मतदानद्वारा अध्यक्ष १, उपाध्यक्ष १, उपाध्यक्ष (महिला) १, महासचिव १, सचिव १, सचिव (समावेशी) १, कोषाध्यक्ष १ गरी सात पदाधिकारी र सदस्यहरू खुला ५, महिला ३, दलित १, आदिवासी जनजाति २, मधेशी २ र अल्पसंख्यक १ जना गरी कुल २१ सदस्य निर्वाचित हुनेछन् । यस दफाको प्रयोजनका लागि अल्पसंख्यक भन्नाले मुस्लिम, अपांगता र अन्य पहिचान भएका व्यक्ति समेतलाई जनाउने छ ।

(ख) आरक्षिततर्फ कुनै पदाधिकारी वा सदस्यमा उम्मेदवारी कायम नरहेको अवस्थामा सो संख्या स्वतः खुलामा थप गरी संख्या कायम गरेर निर्वाचन गराइने छ ।

(ग) यस उपदफा बमोजिम गठन हुने प्रदेश समितिको अध्यक्षको निर्वाचनमा उम्मेदवार हुन कम्तीमा ७ वर्ष र बाँकी अरू पदका लागि कम्तीमा ५ वर्ष महासंघको अविच्छिन्न सदस्य रहेको हुनु पर्नेछ ।

**(३) केन्द्रीय समितिः** महासंघको उद्देश्य पूर्तिका लागि केन्द्रीय सभासदहरूको गोप्य मतदानबाट देहायबमोजिमको ४७ सदस्यीय केन्द्रीय समिति निर्वाचित गर्नेछन् ::

(क) अध्यक्ष - १
(ख) उपाध्यक्ष - १
(ग) उपाध्यक्ष - १ (समावेशी)
(घ) महासचिव - १
(ङ ) सचिव - १
(च) सचिव - १ (महिला)
(छ) सचिव - १ (आदिवासी जनजाति)
(ज) सचिव - १ (मधेशी)
(ञ) सचिव - १ (दलित)
(ट) सचिव - १ (एसोसिएट)
(ठ) कोषाध्यक्ष - १ सहितका पदाधिकारी ११
(ड) सदस्य -
भौगोलिक र गैरभौगोलिक प्रत्येक प्रदेशबाट
निर्वाचित २/२ जनाका दरले २० जना ,
खुल्ला तर्फबाट - ५
महिलामध्येबाट -३
दलित मध्येबाट २,
आदिवासी जनजाति मध्येबाट -२,

मधेशी मध्येबाट -२,
अपाङ्गता भएका व्यक्ति- १
अल्पसंख्यक - १

जम्मा सदस्य संख्या ३६ ।

कर्णाली क्षेत्र रहेको प्रदेशबाट केन्द्रीय सदस्य चयन गर्दा एक जना कर्णाली क्षेत्रको हुनुपर्ने छ। यस प्रयोजनका लागि आदिवासी जनजाति भन्नाले थारु समुदाय समेत र अल्पसंख्यक भन्नाले मुस्लिम समुदाय समेतलाई जनाउनेछ।

(छ) महासंघको आर्थिक सुशासन र पारदर्शिता अभिवृद्धि गर्न, त्यसका लागि महासंघलाई नीति बनाउन निर्देशन दिन र त्यसको कार्यान्वयन भए-नभएको अनुगमन गर्न एक संयोजकसहित तीन सदस्यीय लेखा समिति रहनेछ। समितिमा एक जना महिला सदस्य अनिवार्य रहनेछन्। लेखा समितिको निर्वाचन केन्द्रीय समितिको निर्वाचनसँगै हुनेछ। महासंघको विधानको अधीनमा रही समितिले आफ्नो कार्यविधि तय गर्न सक्नेछ।

(४) केन्द्रीय सभासदहरूमध्ये गोप्य मतदानबाट अध्यक्ष १, उपाध्यक्ष २, महासचिव १, सचिव ४, कोषाध्यक्ष १ र सदस्य ३६ निर्वाचित हुनेछन्। पदाधिकारीहरूलाई केन्द्रीय सभाका सम्पूर्ण सभासदले मतदान गर्नेछन्।

(५) सदस्यका हकमा सम्बन्धित भौगोलिक क्षेत्रबाट सदस्य पदका लागि केन्द्रीय सभाका सम्बन्धित प्रदेशका सभासदहरू मात्र उम्मेदवार बन्न सक्नेछन् र सम्बन्धित प्रदेशका सभासदले मात्र मत दिनेछन्। कर्णालीबाट प्रतिनिधित्व गर्ने सदस्यका लागि उम्मेदवार सो क्षेत्रबाट हुनेछन् भने सम्बन्धित प्रदेशका सबै सदस्यले मत दिन पाउनेछन्। महिला, दलित, आदिवासी जनजाति, मधेशी, अपांगता र अल्पसंख्यकबाट प्रतिनिधित्व गर्ने सदस्यका लागि केन्द्रीय सभाका सम्पूर्ण सभासदले मतदान गर्नेछन् तर संस्थागत सदस्य संस्थाको प्रतिनिधित्व गर्ने प्रदेशका सभासदले सदस्यका हकमा संस्थागत सदस्य संस्थाका तर्फबाट उम्मेदवार भएका २ जनालाई मात्र मत दिनेछन्।

(६) महासंघका कुनै पनि समितिको पदावधि निर्वाचन भएको मितिले तीन वर्षको हुनेछ। नयाँ शाखा गठन भएका हकमा महाधिवेशन हुने वर्ष अधिवेशन गर्नु पर्नेछ।

(८) महासंघका जुनसुकै तहका पदाधिकारीहरू लगातार दुई पटकभन्दा बढी सोही पदका लागि उम्मेदवार हुन पाउने छैनन्।

(९) यस उपदफा बमोजिम गठन हुने केन्द्रीय समितिको अध्यक्षको निर्वाचनमा उम्मेदवार हुन कम्तीमा ९ वर्ष र बाँकी अरू पदका लागि कम्तीमा ६ वर्ष महासंघको अविच्छिन्न सदस्य हुनु पर्नेछ।

## १७. समितिको बैठक :

महासंघको केन्द्रीय समितिको बैठक चार महिनामा कम्तीमा एकपटक, प्रदेश समितिको बैठक तीन महिनामा कम्तीमा एकपटक र शाखा, एशोसिएट समितिको बैठक दुई महिनामा कम्तीमा एकपटक बस्नेछ। बैठकको गणपूरक संख्या ५१ प्रतिशत हुनेछ।

## १८.समितिको काम, कर्तव्य र अधिकार :

(१) केन्द्रीय समितिको कर्तव्य एवं अधिकार देहायबमोजिम हुनेछ :

(क) स्वतन्त्र प्रेसको विश्वव्यापी मर्म, मान्यता, आचरण र आदर्शलाई परिपालना गर्दै प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको रक्षा, सूचनाको हकको अभ्यास तथा उत्तरदायी, मर्यादित र जिम्मेवार पत्रकारिताको प्रवर्द्धनका निम्ति क्रियाशील रहने,

(ख) श्रमजीवी पत्रकारहरूको उचित श्रम अभ्यास, सामूहिक सौदावाजी र पेशागत तथा भौतिक सुरक्षाको निम्ति नीतिगत तथा व्यावसायिक नेतृत्व गर्ने,

(ग) पत्रकारिता क्षेत्रसँग सम्बन्धित राष्ट्रिय र अन्तर्राष्ट्रिय क्षेत्रमा क्रियाशील संघ संस्थाहरूसँग सम्बन्ध विस्तारका लागि आवश्यक कार्य गर्ने,

(घ) महासंघको समग्र विकास र विस्तारका साथै प्रदेश समितिका कामकारबाहीको नियमन, नियमित सुपरिवेक्षण र निर्देशन गर्ने,

(ङ) केन्द्रीय  सभाले पारित गरेका निर्णय कार्यान्वयन गर्ने,

(छ) महासंघको वार्षिक कार्यक्रम तथा वार्षिक बजेट तय गरी कार्यान्वयन गर्ने,

(ज) महासंघका प्रदेश समिति, शाखा तथा प्रतिष्ठान समिति वा संस्थागत समितिहरूका बीच समन्वय र सहजीकरणका लागि आवश्यक नेतृत्व प्रदान गर्ने,

(झ) प्रदेश समिति वा प्रदेश समितिका कुनै पदाधिकारी वा सदस्यले महासंघको विधानको स्पष्ट उल्लंघन हुने काम गरेमा सम्बन्धित समिति, पदाधिकारी वा सदस्यलाई स्पष्टीकरण सोध्ने, निलम्बन वा बर्खास्त वा भंग  गर्ने । निलम्बन वा बर्खास्त वा भंगको कारवाही गर्नु अघि सफाइको मौका दिनुपर्नेछ र त्यस्तो निर्णयको कारणसहितको प्रतिवेदन त्यसलगत्तैको केन्द्रीय सभामा प्रस्तुत गर्नुपर्ने छ ।

(ञ) महासंघको उद्देश्य प्राप्तिका लागि आवश्यक नेतृत्व प्रदान गर्ने ।

(२) प्रदेश समितिको काम, कर्तव्य एवं अधिकार देहायबमोजिम हुनेछ :

(क) प्रदेश भित्र स्वतन्त्र प्रेसको विश्वव्यापी मर्म, मान्यता, आचरण र आदर्शलाई परिपालना गर्दै प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको रक्षा, सूचनाको हकको अभ्यास तथा उत्तरदायी, मर्यादित र जिम्मेवार पत्रकारिताको प्रवर्द्धनका निम्ति क्रियाशील रहने,

(ख) प्रदेश भित्र श्रमजीवी पत्रकारहरूको दक्षता अभिवृद्धि, आचारसंहिताको पालना, उचित श्रम अभ्यास, सामूहिक सौदावाजी र पेशागत तथा भौतिक सुरक्षाको निम्ति व्यावसायिक नेतृत्व र कार्यक्रमको सञ्चालन गर्ने,

(ग) पत्रकारिता क्षेत्रसँग सम्बन्धित विषयमा राज्यका प्रदेश स्तरका निकायमा आवश्यक समन्वय र प्रतिनिधित्व गर्ने । एकै प्रदेशमा एकभन्दा बढी प्रदेश समिति रहेको अवस्थामा प्रत्यक्ष विषयगत मुद्दामा संस्थागत वा प्रतिष्ठान प्रदेश समितिले र अन्यमा सम्बन्धित भौगोलिक समितिले गर्ने । अधिकार क्षेत्रको थप व्याख्या केन्द्रीय समितिले निर्धारण गरेबमोजिम हुने छ ।

(घ) प्रदेशअन्तर्गतका समितिका कामकारबाहीको नियमन, नियमित सुपरिवेक्षण र निर्देशन गर्ने,

(ङ) प्रदेश सभाले पारित गरेका निर्णय र केन्द्रीय  सभा वा केन्द्रीय समितिले निर्धारण गरेका नीतिहरू कार्यान्वयन गर्ने,

(छ) प्रदेशको वार्षिक कार्यक्रम तथा वार्षिक बजेट तय गरी कार्यान्वयन गर्ने,

(ज) महासंघको सदस्यता सम्बन्धी निर्णयको अनुमोदन गर्ने, विवादको आवश्यक सुनुवाइ गरी टुंगो लगाउने ।

(झ) प्रदेश समितिअन्तर्गतका कुनै समितिका कुनै पदाधिकारी वा सदस्य वा साधारण सदस्यले महासंघको विधानको स्पष्ट उल्लंघन हुने काम गरेमा सम्बन्धित समिति, पदाधिकारी वा सदस्यलाई स्पष्टीकरण सोध्ने, निलम्बन वा बर्खास्त वा भंग  गर्ने । निलम्बन वा बर्खास्त वा भंगको कारवाही गर्नु अघि सफाइको मौका दिनुपर्नेछ र त्यस्तो निर्णयको कारणसहितको प्रतिवेदन केन्द्रीय समिति र त्यसलगत्तैको प्रदेश सभामा प्रस्तुत गर्नुपर्ने छ ।

(ञ) महासंघको उद्देश्य प्राप्तिका लागि प्रदेश भित्र आवश्यक अन्य कार्य गर्ने ।

(३) जिल्ला शाखा, प्रतिष्ठान शाखा र संस्थागत समितिको काम, कर्तव्य एवं अधिकार देहायबमोजिम हुनेछ :

(क) शाखा अन्तर्गतका पत्रकारको हकहित र पत्रकारिताको विकासका लागि क्रियाशील रहने ।

(ख) शाखा अन्तर्गतका **पत्रकारहरूलाई** समन्वय र परिचालन गर्ने ।

(ग) जिल्ला स्तरका निकायमा आवश्यक समन्वय र प्रतिनिधित्व गर्ने ।

को वार्षिक कार्यक्रम तथा वार्षिक बजेट तय गरी कार्यान्वयन गर्ने,

(ज) महासंघको सदस्यता सम्बन्धी निर्णय गरी माथिल्लो निकायमा अनुमोदनका लागि प्रस्तुत गर्ने ।

(झ) शाखा अन्तर्गतका कुनै समिति वा समितिका कुनै पदाधिकारी वा सदस्य वा साधारण सदस्यले महासंघको विधानको स्पष्ट उल्लंघन हुने काम गरेमा सम्बन्धित समिति, पदाधिकारी वा सदस्यलाई स्पष्टीकरण सोध्ने र थप कारवाही आवश्यक भए प्रदेश समितिमा सिफारिस गरी पठाउने ।

(ञ) प्रदेश समितिको निर्देशन, साधारण सभाको निर्णय र महासंघको उद्देश्य प्राप्तिका लागि शाखाको क्षेत्र भित्र आवश्यक अन्य कार्य गर्ने ।

(ट) **यस विधानमा अन्यत्र जेसुकै लेखिएको भएता पनि यस उपदफाबमोजिम गठित जिल्ला शाखा, प्रतिष्ठान शाखा र संस्थागत समिति राज्यका तीनै तह (स्थानीय तह, प्रदेश सभा र संघीय संसद) को निर्वाचन सम्पन्न नभएसम्म कायम रहने छ । तीनै तहको निर्वाचन सम्पन्न भएपछि महासंघको संगठनको ढाँचा बमोजिम बाँकी अवधिका लागि प्रदेश र स्थानीय तहको निर्वाचन हुनेछ । एउटा प्रदेशभित्र ३५ वा सोभन्दा बढी महासंघका सदस्य कार्यरत निश्चित भौगोलिक क्षेत्र वा सञ्चार प्रतिष्ठानमा प्रदेश समितिले केन्द्रीय समितिको स्वीकृति लिई प्रदेश समितिले शाखा गठन गर्न सक्नेछ । हाल शाखा कायम रहेका कुनै जिल्लामा ३५ भन्दा कम सदस्य संख्या भएका कारण शाखा गठन गर्न रोक लगाएको मानिने छैन । विधागत आधारमा ३५ वा सोभन्दा बढी पत्रकार सदस्य रहेका संस्थाले संस्थागत मान्यता प्राप्त गर्नेछन् । यस खण्डबमोजिम गठन हुने प्रादेशिक समिति र शाखाको काम, कर्तव्य र अधिकार विधानमा व्यवस्था नभएको हकमा तोकिएबमोजिम हुनेछ ।**

**१९.** .....कार्यप्रणालीलगायतका बिषयमा स्पष्ट गर्नेछ ।

**२१. अध्यक्षको काम, कर्तव्य र अधिकार :**

२०. (घ) समितिको कुनै पदाधिकारी पदमा कायम नरहेमा वैकल्पिक वैधानिक व्यवस्था नरहेका हकमा समितिका सदस्यहरूमध्येबाट पदपूर्ति गर्ने । यो व्यवस्था सबै तहमा लागू हुनेछ ।

**२३. महासचिवको काम, कर्तव्य र अधिकार :**

**(क) (ख) (ग)**

**२३.** (ञ) केन्द्रीय समितिको महासचिवले केन्द्रमा गर्ने काम, कर्तव्य र अधिकारको प्रयोग प्रदेशको हकमा प्रदेश महासचिवले र शाखाका हकमा शाखा सचिवले गर्नेछ ।

**२५.** (छ) शाखाका आर्थिकभन्दा अगाडि **प्रदेश र** थप गरिएको

२५. (ज) केन्द्रीय समितिको कोषाध्यक्षले केन्द्रमा गर्ने काम, कर्तव्य र अधिकारको प्रयोग प्रदेशको हकमा प्रदेश कोषाध्यक्षले र शाखाका हकमा शाखा कोषाध्यक्षले गर्नेछ ।

२७. कार्यकारिणी सभाको सट्टामा केन्द्रीय सभा गरिएको

२८. (च) विदेशमा वैधानिक रूपमा रहेका नेपाली पत्रकारहरूले गठन गरेको संस्थालाई बैदेशिक शाखाको मान्यता दिइनेछ। त्यस्तो शाखाका अध्यक्षले र अध्यक्ष उपस्थित हुन नसक्ने अवस्थामा कार्यसमितिको निर्णय बमोजिम एक जना प्रतिनिधिले महाधिवेशनमा सहभागी हुन र केन्द्रीय कार्यसमितिलाई मतदान गर्न पाउने छ। उनीहरूको काम, कर्तब्य र अधिकार तोकिएबमोजिम हुनेछ ।

२९. (च) प्रदेशहरूसँग समय समयमा पत्र व्यवहार वा अन्य तरिकाबाट सम्पर्क गर्ने,

(छ) सभा, केन्द्रीय सभा र केन्द्रीय समिति, अन्य समिति, उपसमितिको निर्णय प्रदेशलाई जानकारी गराउने ।

२९. (२) प्रत्येक प्रदेशको राजधानीमा एउटा प्रदेश कार्यालय र शाखा रहेको क्षेत्रमा शाखा कार्यालय रहने छन्। प्रदेश तथा शाखा कार्यालयको काम, कर्तव्य र अधिकार सम्बन्धित प्रदेश वा शाखाभित्र केन्द्रित रही उपदफा (१) बमोजिम हुनेछ ।

**३० पत्रकार कल्याण कोषः**

नेपाल पत्रकार महासंघको केन्द्रमा केन्द्रीय पत्रकार कल्याण कोष र प्रदेशमा प्रदेश पत्रकार कल्याण कोष रहनेछ । सो कोषको व्यवस्थापन र सञ्चालन महासंघले तयार गरेको नियमावलीअनुसार हुनेछ । केन्द्रीय सभाको अनुमतिविना केन्द्रीय पत्रकार कल्याण कोष र प्रदेश सभाको अनुमतिबिना प्रदेश कल्याण कोषमा जम्मा भएको रकमको साँवा खर्च गर्न पाइने छैन ।

**३१. (२)** (च) प्रदेश वा सो अन्तर्गतका कुनै पनि समितिले केन्द्रीय समितिको स्वीकृति बिना अन्तर्राष्ट्रिय निकायसँग साझेदारी, पत्रचार वा सहयोग रकम लिन पाउने छैन ।

**३१.** (४) हिसाब किताब :

(क) कोषाध्यक्षले महासंघको हिसाब किताब दुरुस्त राख्नु पर्नेछ र आय व्ययको प्रतिवेदन केन्द्रीय सभामा प्रस्तुत गर्नुपर्नेछ । प्रदेश समितिको कोषाध्यक्षले प्रदेशसभामा र शाखा कोषाध्यक्षले शाखा साधारणसभामा प्रतिवेदन प्रस्तुत गर्नुपर्ने छ ।

(ख) केन्द्रीय सभाले नियुक्त गरेको लेखापरीक्षकद्वारा महासंघको हिसाब किताब कम्तीमा वर्षको एक पटक जाँच गरिनेछ । अन्य समितिको हकमा सम्बन्धित साधारण सभाले लेखापरीक्षक नियुक्त गर्ने छ ।

**३७. संशोधन विधि :**

(१) विधान संशोधन प्रस्ताव केन्द्रीय समितिले केन्द्रीय सभामा प्रस्तुत गर्ने छ । केन्द्रीय सभाको कुनै सभासद वा प्रदेश वा शाखाले विशेष प्रस्तावको रूपमा संशोधन ल्याउन सक्नेछ र सो प्रस्तावबारे केन्द्रीय समितिले केन्द्रीय सभा हुनुभन्दा कम्तीमा तीस दिनअगाडि लिखित सूचना प्रेषित गर्नेछ ।

(२) प्रस्तावित संशोधन केन्द्रीय सभामा उपस्थित सदस्यहरूको दुई तिहाइ मतबाट पारित हुनेछ र त्यसलाई स्थानीय अधिकारीबाट स्वीकृत भएपश्चात मात्र विधानको कुनै दफा संशोधन वा खारेज भएको मानिनेछ ।

(३) संक्रमणकालीन व्यवस्थाः विधानको चौथो संशोधनद्वारा गठन हुने नयाँ व्यवस्थाको लागि स्थायी संरचना र आधार तय नभएसम्म त्यस्ता संरचनाको स्वीकृति, सञ्चालन र अन्तरिम व्यवस्थापन केन्द्रीय समितिले निर्धारण गरेबमोजिम हुने छ । प्रदेश समिति गठन नभएसम्म प्रदेश समितिले गर्ने काम केन्द्रीय समितिले गर्नेछ । **प्रदेश समितिको निर्वाचन सम्पन्न हुन नसकेको कारण केन्द्रीय समितिको निर्वाचन गर्न बाधा पुगेको मानिने छैन ।**